नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालयको

## सूचना

### दूरसञ्चार (चौथो संशोधन) नियमावली, २०६४

दूरसञ्चार नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दूरसञ्चार ऐन, २०५३ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यी नियमहरूको नाम "दूरसञ्चार (चौथो संशोधन) नियमावली,२०६४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. दूरसञ्चार नियमावली, २०५४ को नियम १२ मा संशोधनः दूरसञ्चार नियमावली, २०५४ को नियम १२ को,-

(१) उपनियम (२) मा रहेका "छ महिना" भन्ने शब्दहरूको सट्टा "तीन महिना" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) कुनै अनुमतिपत्र प्राप्त व्यक्तिले उपनियम (२) बमोजिमको म्यादभित्र अनुमतिपत्र नवीकरण गराउन निवेदन दिन नसकेको कारण खुलाई अनुमतिपत्र नवीकरणको लागि अनुमतिपत्र बहाल रहने अवधिभित्रै प्राधिकरण समक्ष निवेदन दिएमा र त्यस्तो कारण मनासिब देखिएमा प्राधिकरणले नवीकरण दस्तुरको पन्ध्र प्रतिशत थप दस्तुर समेत लिई निजको अनुमतिपत्र नवीकरण गरिदिनेछ ।"

आज्ञाले,
(शंकर प्रसाद कोइराला)
नेपाल सरकारको का.मु. सचिव